कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय

# सामाजिक विकास कार्यालय

सल्यान,नेपाल

## आवेदन पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०।०८।२२

यस कार्यालयको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "लोपोन्मुख तथा सीमान्तकृत समुदायको लागि जीविकोपार्जन र आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि २०८०" तथा कार्यालयको अनुगमन तथा सहजीकरण समितिको मिति २०८०।०८।२२ गतेको निर्णयानुसार सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रममा लोपोन्मुख तथा सीमान्तकृत समुदाय (राजी, बोटे, माझी, कुमाल, गन्दर्भ, बादी, मुक्त हलिया र कुसण्डा) का व्यक्तिहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्रमा देहायका शर्त अनुसार यस कार्यालयमा आवेदन पेश गर्नु हुन सम्बन्धित सबैका लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

शर्तहरु

क. सल्यान जिल्लाको स्थायी बासिन्दा भएको

ख. सीप सिक्न तथा व्यवसाय सञ्चालन गर्न ईच्छुक भएको

ग. सीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रमा नियमित उपस्थित भई सीप विकास गर्न प्रतिवद्ध भएको

घ. आवेदन फाराममा देहायको सीपहरुमध्ये कुनै ५ वटा सीपहरु प्राथमिकताका आधारमा उल्लेख गर्नुपर्नेछ ।

१. मोटर ड्राईभिङ्ग
२. मोबाईल मर्मत
३. ब्युटिपार्लर
४. सिलाईकटाई
५. कुखुरा पालन
६. कुकिङ्ग
७. प्लम्बर
८. हाउस वायरिङ्ग
९. फाईवर व्याग उत्पादन
१०. फर्निचर उद्योग सम्बन्धी
११. कृषि उपज सम्बन्धी
१२. डकर्मी/सिकर्मी तालिम
१३. माछापालन तथा प्रशोधन
१४. कम्प्युटर तालिम
१५. अटो पार्टस् मर्मत
१६. परम्परागत बाजा निर्माण सम्बन्धी सीप
१७. होम स्टे सम्बन्धी तालिम
१८. अन्य आवश्यक सीप तालिम

**ङ. आवेदन दिने अन्तिम मितिः** २०८०।०९।०६ गते दिनको ४ बजेभित्र

६. आवेदन फाराम सामाजिक विकास कार्यालयको वेबसाइट **www.sdosalyan.gov.np** बाट डाउनलोड गरी वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**च. संलग्न कागजातः-**

१. नागरिकताको प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
३. सल्यान जिल्लाको स्थायी बासिन्दा भएको भनी सम्बन्धित स्थानीय तहबाट प्रमाणित पत्र
४. मुक्त हलियाको लागि सरकारी निकायबाट जारी भएको प्रमाण पत्रको प्रतिलिपि
५. अपाङ्गता भएका व्यक्तिहरुका लागि अपाङ्गता परिचय पत्रको प्रतिलिपि
६. एकल महिलाको हकमा एकल महिला भनि खुल्ने कागजात

**अन्य जानकारीका लागि सामाजिक विकास कार्यालयमा वा (९८५७८२४४३३, ९८४८२२८७६३) मा सम्पर्क राख्नुहोला**

प्रमुख अधिकृत

मितिः.......................

श्रीमान् कार्यालय प्रमुख ज्यू,
सामाजिक विकास कार्यालय,
सल्यान ।

विषयः आवेदन पेश गरिएको सम्बन्धमा ।

यस कार्यालयबाट मिति २०८०।०८।२२ मा प्रकाशित सूचना अनुसार लोपोन्मुख तथा सीमान्तकृत समुदायको लागि जीविकोपार्जन र आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम लोपोन्मुख तथा सीमान्तकृत समुदायको लागि जीविकोपार्जन र आयआर्जन कार्यक्रममा सहभागी हुन देहाय बमोजिमको विवरण सहित यो आवेदन पेश गरेको छु।

१. नाम थरः-

२. ठेगानाः-

जिल्ला सल्यान गा.पा./न.पा ........................................ वडा नं ............ टोल ..................

३. सम्पर्क नम्बरः-

४. लिङ्गः (क) महिला (ख) पुरुष (ग) अन्य

५. जन्म मितिः-

६. समूह (चिन्ह लगाउनुहोस)

(क) राजी (ख) बोटे (ग) कुसुण्डा (ङ) बादी (ब) मुक्त हलिया (छ) गन्धर्व (ज) कुमाल

७. उपसमूह (चिन्ह लगाउनुहोस)

(क) अपाङ्गता भएको व्यक्ति (ख) यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्ति (ग) एकल महिला
(घ) परिवारमा कुनै नियमित आय नभएका व्यक्ति

८. निवेदकले ईच्छाएको कुनै ५ सीपहरु प्राथमिकताका आधारमा उल्लेख गर्नुहोसः-

१.
२.
३.
४.
५.

९. संलग्न कागजातः-

१. नागरिकताको प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
३. सल्यान जिल्लाको स्थायी बासिन्दा भएको भनी सम्बन्धित स्थानीय तहबाट प्रमाणित पत्र
४. मुक्त हलियाको लागि सरकारी निकायबाट जारी भएको प्रमाण पत्रको प्रतिलिपि
५. अपाङ्गता भएका व्यक्तिहरुका लागि अपाङ्गता परिचय पत्रको प्रतिलिपि
६. एकल महिलाको हकमा एकल महिला भनि खुल्ने कागजात

आवेदकको
नाम थरः-
दस्तखतः-